# विद्यार्थी प्रतिवेदनहरू
# र
# उत्तरपृष्ठहरू

# मार्गदर्शनहरू

तपाईंको अध्ययनको प्रत्येक एकाइलाई तपाईंले पूरा गर्नुभएपछि त्यस एकाइको निम्ति विद्यार्थी प्रतिवेदन उत्तर पृष्ठलाई भर्नुहोस्। प्रत्येक प्रश्नमा तपाईंको उत्तरलाई कसरी संकेत गर्ने भन्ने सम्बन्धमा तल मार्गदर्शन दिइएको छ। त्यहाँ दुइ किसिमका प्रश्नहरू छन्: ठीक-बेठीक र सबैभन्दा ठीक उत्तर छान्ने।

## ठीक-बेठीक प्रश्नको उदाहरण

*तलको बयान कित ठीक वा बेठीक छ। यदि बयान*

**ठीक** हो भने खाली **क** लाई कालो बनाउनुहोस्।

**बेठीक** छ भने **ख** लाई कालो बनाउनुहोस्।

**१** बाइबल हाम्रा निम्ति परमेश्वरको सन्देश हो।

*बाइबल हाम्रा निम्ति परमेश्वरको सन्देश हो* भनिने माथिको बयान ठीक हो, यसैले खाली ठाउँ **क** मा यसरी कालो लगाउनुहोस्।

ज्ञ ■ ख ग ३

## सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नको उदाहरण

*तलको प्रश्नको निम्ति सबैभन्दा उत्तम एउटा उत्तर त्यहाँ छ। तपाईंले छान्नुभएको उत्तरको निम्ति दिइएको खाली ठाउँलाई कालो बनाउनुहोस्।*

**२** नयाँ गरी जन्मनुको अर्थ हुन्छ

क) उमेरमा जवान हुनु।

ख) मुक्तिदाताका रूपमा येशूलाई ग्रहण गर्नु।

ग) नयाँ वर्ष शुरू गर्नु।

घ) बेग्लै मण्डली भेट्टाउनु।

ठीक उत्तर **ख)** *मुक्तिदाताका रूपमा येशूलाई ग्रहण गर्नु* भन्ने हो, यसैले खाली ठाउँ **ख** लाई तल देखाएझैं कालो बनाउनुहोस्।

६ क ■ ग ३

## एकाइ एकको निम्ति विद्यार्थी प्रतिवेदन

*एकाइ एकको निम्ति सबै प्रश्नहरूका उत्तरलाई उत्तरपुस्तिकामा लेख्नुहोस् ।* **मार्गदर्शन** *पृष्ठमा उदाहरणहरूलाई हेर्नुहोस्, जसले तपाईंलाई आफ्ना उत्तरहरू कसरी दिनुपर्ने हो सो देखाउँछन् ।*

### भाग १ - ठीक-बेठीक प्रश्नहरू

*तलका बयानहरू कित ठीक वा बेठीक छन् । यदि बयान*

**ठीक** हो भने खाली ठाउँमा **क** लाई कालो बनाउनुहोस् ।

**बेठीक** छ भने **ख** लाई कालो बनाउनुहोस् ।

**१.** एकाइ एकका सम्पूर्ण पाठहरूलाई मैले ध्यानपूर्वक पढेको छु ।

**२.** एक मालिक अरु कसैप्रति जवाफदेही हुनैपर्छ ।

**३.** एक कारिन्दा उसका सरसामानहरूका मालिक होइन ।

**४.** सबैथोकका मालिक परमेश्वर नै हुनुहुन्छ भनी बाइबलले बताउँछ ।

**५.** परमेश्वरको स्वामित्व वा मालिकपनलाई कहिल्यै चुनौती दिइएको छैन ।

**६.** यदि कोही व्यक्तिसँग केही कुरा छ भने, त्यसको अर्थ त्यो उसकै हो ।

**७.** एक प्रबन्धकले मालिकका आदेशहरूलाई पालन गर्नैपर्छ ।

**८.** परमेश्वरले मानिसलाई उसको जीवनको मालिक हुनदिनुहुन्छ ।

### सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नहरू

*तलको प्रश्नको निम्ति सबैभन्दा उत्तम एउटा उत्तर त्यहाँ छ । तपाईंले छान्नुभएको उत्तरको निम्ति दिइएको खाली ठाउँलाई कालो बनाउनुहोस् ।*

**९.** झुटा मालिकहरूमा के समावेश हुन्छ ?

क. परमेश्वर र समुदाय

ख. व्यक्ति र परमेश्वर

ग. समुदाय र व्यक्ति

**१०.** सबैथोकमाथिको सार्वभौमसत्ता कसको गुण हो ?

क. परमेश्वर

ख. स्वर्गदूतहरू

ग. मानिसहरू

घ. विश्वासीहरू

**११.** खीष्टियान कारिन्दापनको विचारलाई बुझ्नका लागि एक व्यक्तिले के कुराको बीचको भिन्नतालाई बुझ्नसक्नुपर्छ ?

क. व्यवस्थापन र कारिन्दापन

ख. सम्पत्ति र स्वामित्व

ग. सार्वभौमसत्ता र अधिकार

**१२.** तलका बाइबल पदहरूका जोडालाई तपाईंको बाइबलमा पढ्नुहोस् । कुन पदहरूले स्वामित्वको सम्बन्धमा परमेश्वर र मानिसको बीचको भिन्नतालाई देखाउँछ ?

क. प्रस्थान १९:५; प्रेरित १७:२५

ख. १ इतिहास २९:१४; १ कोरिन्थी ४:७

ग. भजन २४:१; हाग्गै २:८

घ. १ कोरिन्थी ४:७; १ तिमोथी ६:७

**१३.** तलका सत्यताहरूमध्ये कुनचाहिँले परमेश्वरलाई मालिकका रुपमा प्रकट गरेको छ ?

क. उहाँलाई सबैथोक थाहा छ ।

ख. उहाँ अनन्त हुनुहुन्छ ।

ग. उहाँले भविष्यलाई देख्नुहुन्छ ।

घ. उहाँले सबैथोक बनाउनुभयो ।

**१४.** तलका पदहरूलाई पढ्नुहोस् । मालिककारूपमा परमेश्वरप्रति धन्यवादी नहुने खराब नतीजालाई कुनचाहिँले देखाउँछ ?

क. प्रस्थान १३:१२

ख. लूका ६:४६

ग. रोमी १:२१

घ. १ थेसलोनिकी ५:१८

**१५.** मालिक र कारिन्दाको बीचको महत्त्वपूर्ण भिन्नता केसँग सम्बन्धित छ ?
क. हिसाब दिने विषय
ख. प्रत्येकसँग भएको सम्पत्तिको आकार
ग. कस्ता किसिमका सामानहरूको लगानी गरिएको छ
घ. सम्पत्तिलाई कसरी प्रयोग गरिन्छ

**१६.** परमेश्वरसँगको हाम्रो सम्बन्धमा हामीले कुन दुइ कुराहरूको भूमिका निभाउनैपर्छ ?
क. कारिन्दा र व्यवस्थापक
ख. सम्पत्ति र अधिकार
ग. मालिक र दास
घ. सम्पत्ति र कारिन्दा

**१७.** अरुहरूका सामु आफ्नो मालिकलाई प्रतिनिधित्व गर्ने कारिन्दाले केको माग पूरा गरेको हुन्छ ?
क. विश्वासयोग्यता
ख. इमानदारिता
ग. बुद्धि

**१८.** तलका बाइबल पदहरूलाई पढ्नुहोस् । कुनचाहिँले बुद्धिसँग आफ्नो कारिन्दापनको अभ्यासगर्ने कारिन्दाको उदाहरण दिन्छ ?
क. उत्पत्ती ४१:५४-५७
ख. प्रेरित १६:६-१२
ग. मर्कूस १०:१३-१६
घ. १ कोरिन्थी ३:१३-१७

**१९.** लगानीको निम्ति परमेश्वरको योजनालाई पछ्याउने कारिन्दाले
क. आफ्नो परिवारको हेरचाहा गर्छ, तब बाँकी रहेको कुरा परमेश्वरलाई दिन्छ ।
ख. आफ्नो शहरका गरीबहरूलाई दिन्छ, तब उनले चिनेका समस्यामा परेका विश्वासीहरूलाई सहयोग गर्छ ।

ग. परमेश्वरका कुराहरू उहाँलाई दिन्छ, तब आफ्ना परिवारका सदस्यहरूका आवश्यकताहरूलाई पूरा गर्छ र अरुहरूलाई सहयोग गर्छ ।

घ. सबैथोक परमेश्वरलाई दिन्छ र अरुहरूले उसको परिवारलाई हेरचाहा गरेको चाहन्छ ।

**२०.** हामीले हाम्रो जीवनलाई यस पृथ्वीमा समाप्त गरेपछि ख्रीष्टियान कारिन्दाका रुपमा यी चारवटा जिम्मेवारीहरूमध्ये कुनचाहिँ निरन्तर हाम्रो जीवनमा रहिरहन्छ ?

क. आज्ञाहरूको पालना गर्नु

ख. अगुवाई खोज्नु

ग. लगानी गर्नु

घ. हिसाब दिनु

**एकाइ एकको निम्तिका मागहरूको अन्त्य ।** *तपाईंको उत्तरपृष्ठमा बाँकी रहेका निर्देशनहरूलाई पालन गर्नुहोस् र यसलाई तपाईंको क्षेत्रका आई सी आई वा ग्लोबल युनिभर्सिटी प्रशिक्षककहाँ वा कार्यालयमा पठाउनुहोस् र एकाइ दुइको आफ्नो अध्ययनलाई शुरू गर्नुहोस् ।*

## एकाइ दुइको निम्ति विद्यार्थी प्रतिवेदन

*एकाइ दुईको निम्ति सबै प्रश्नहरूका उत्तरलाई उत्तरपुस्तिकामा लेख्नुहोस् । **मार्गदर्शन** पृष्ठमा उदाहरणहरूलाई हेर्नुहोस् जसले तपाईंलाई आफ्ना उत्तरहरू कसरी दिनुपर्ने हो सो देखाउँछन् ।*

### भाग १– ठीक-बेठीक प्रश्नहरू

*तलको बयान कित ठीक वा बेठीक छ । यदि बयान*
**ठीक** छ भने खाली ठाउँ **क** लाई कालो बनाउनुहोस् ।
**बेठीक** छ भने **ख** लाई कालो बनाउनुहोस् ।

**१.** एकाइ दुइका सम्पूर्ण पाठहरूलाई मैले ध्यानपूर्वक पढेको छु ।
**२.** रणनीति बनाउँदा लक्ष्यहरूलाई समावेश गर्न आवश्यक पर्दैन ।
**३.** हाम्रो व्यक्तित्वका तीन महत्वपूर्ण भागहरू भावनाहरू, अनुभूतिहरू र बुद्धि हुन् ।
**४.** हाम्रो निम्ति भएको परमेश्वरको योजना हाम्रा व्यक्तिगत इच्छाहरूसँगै जान सम्भव छ ।
**५.** रोमी ८:२९-३० मा दिइएझैँ परमेश्वरको योजनाका सातवटा पक्षहरू छन् ।
**६.** आफ्नो शरीरको मालिक बन्नका लागि एक विश्वासीका लागि सम्भव छ ।
**७.** परमेश्वरले हृदयमा हेर्नुहुने हुनाले विश्वासीहरूले आफ्नो राम्रो अनुहार देखाउनु आवश्यक पर्दैन ।
**८.** हाम्रो व्यक्तिगत कारिन्दापनको एक पक्ष हाम्रो आफ्नै निम्ति समय छुट्याउनु पनि हो ।

## भाग २- सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नहरू

*तलका प्रत्येक प्रश्नहरूको एउटै मात्र ठीक उत्तर हुन्छ। तपाईंले छान्नुभएको उत्तरको निम्ति तपाईंको उत्तरपुस्तिकामा उपलब्ध गराइएको खाली ठाउँलाई कालो बनाउनुहोस्।*

**९.** मानिलिऔं, तपाईंको एक साथीले उनको जीवनको निम्ति कुनै उद्देश्य छैन भन्ने कुराको अनुभूति तपाईंलाई प्रकट गर्छन्। तल दिइएका बाइबल पदहरूलाई पढ्नुहोस् र उनको जीवनमा परमेश्वरको योजना छ भनी उनलाई देखाउनका लागि एउटा पदलाई छान्नुहोस्।

क. व्यवस्था १३:१-५

ख. लूका १:५-१७

ग. रोमी ८:२९-३०

घ. हिब्रू ११:२३

**१०.** जोएलले आफू बाइबल स्कूलका शिक्षक बन्ने निर्णय गरे। यो जोएलको कस्तो कार्य थियो ?

क. लक्ष्य वा उद्देश्यको निर्धारण थियो।

ख. प्राथमिकताहरूको स्थापना थियो।

ग. योजनाको निर्धारण थियो।

**११.** मानिलिऔं तपाईंका एकजना मित्रले विश्वास गर्छन कि परमेश्वरले उनलाई मण्डलीमा अगुवा हुनका लागि बोलाउनुभएको छ। यसपछि उनले के गर्नुपर्छ भनी तपाईंलाई सोध्छन्। अब तपाईंले उनलाई के भन्नुहुन्छ ?

क. उनको अर्को कदमको सम्बन्धमा परमेश्वरबाटको सपना वा दर्शनलाई पर्खने।

ख. ठीक निर्देशन र विस्तृत अगुवाइको निम्ति बाइबललाई खोजीगर्ने।

ग. मण्डलीमा अगुवापनको ओहोदाको माग गर्ने।

घ. अगुवापनको कामको निम्ति आफैलाई तयार गर्न योजनाहरू बनाउने।

**१२.** के ठीक हो भनी हामीलाई छान्न हाम्रो शरीरको कुन भागले हामीलाई सहयोग गर्छ ?

क. मन

ख. इच्छा

ग. भावनाहरू

**१३.** हामीहरूले परमेश्वरको आज्ञापालन गर्नका निम्ति, कुन चार कुराहरूले एकसाथ काम गर्नुपर्दछ ?

क. हाम्रो इच्छा, हाम्रा भावनाहरू, हाम्रो मन र परमेश्वरको वचन ।

ख. हाम्रो मन, परमेश्वरको वचन, पवित्र आत्मा र हाम्रो इच्छा ।

ग. परमेश्वरको वचन, हाम्रो मन, हाम्रा भावनाहरू, र पवित्र आत्मा ।

घ. पवित्र आत्मा, हाम्रो बुद्धि, हाम्रो मन र हाम्रो इच्छा ।

**१४.** मानिलिऔँ, तपाईंका एकजना मित्रले हाम्रो आत्मिक जीवनसँग भावनाहरूको के सम्बन्ध छ र भनी तपाईंलाई सोधे । उनको प्रश्नको उत्तर दिनका लागि उनलाई तल दिइएका पदहरूमध्ये कुनचाहिँलाई प्रयोग गरेर तपाईं उनलाई जवाफ दिनसक्नुहुन्छ ?

क. १ शमूएल १५:९-११

ख. यूहन्ना १५:५

ग. १ कोरिन्थी १४:१५

घ. गलाती ५:२२-२३

**१५.** हामीले हाम्रो शरीरलाई किन आदरसाथ व्यवहार गर्नुपर्छ भनी कुनचाहिँ वाक्यले सबैभन्दा महत्वपूर्ण कारण दिन्छ ?

क. हाम्रा शरीरहरू वास्तवमा परमेश्वरको मन्दिर हो ।

ख. हाम्रा शरीरलाई सम्मान गरिँदा हाम्रो स्वास्थ्य असल हुन्छ ।

ग. हामी स्वस्थ भयौँ भने जीवनमा आनन्द हुन्छ ।

घ. हामीले हाम्रो शरीरको हेरचाहा गऱ्यौँ भने अरुहरूले हामीलाई मनपराउँछन् ।

**१६.** कुनचाहिँ व्यक्तिले असल स्वास्थ्यका नियमहरूलाई पछ्याएको छैन ?

क. बीरमान घरिघरि प्रश्नउठ्ने खालका ठाउँहरूमा जान्छन् ।

ख. जोएलले समुद्रको किनारमा लगाएकाजस्तै लुगाहरू मण्डलीमाजाँदा पनि लगाउँछन् ।

ग. सामान्यत सुजन ६ घण्टाभन्दा कम समय सुत्छिन् ।

घ. कल्पनाले अति नै महँगा गहना लगाउँछिन् ।

**१७.** प्रश्न **१६** लाई फेरि पढ्नुहोस् । कुन व्यक्तिले उचित व्यवहारको सिद्धान्तलाई अपनाएका छैनन् ?

क. बीरमान

ख. जोएल

ग. सुजन

घ. कल्पना

**१८.** आफ्नो समयको कारिन्दाको रुपमा कसले आफ्ना तीन मुख्य जिम्मेवारीहरूमा के दिएको छ ?

क. माइकले आफ्ना छोराछोरीहरूसँग समय बिताउँछन्, समस्याहरूका बारेमा आफ्नी पत्नीसँग कुराकानी गर्छन्, र मनोरञ्जनमा समय बिताउँछन् ।

ख. जोएलले संगतिका निम्ति आफ्ना साथीहरूलाई निमन्त्रणा दिन्छन्, आफ्ना योजनाहरूका बारेमा आफ्नो छोरासँग कुराकानी गर्छन् र मण्डली संगतिहरूमा सहभागी हुन्छन् ।

ग. जिमले आफ्नो परिवारसँग कुराकानी गर्छन्, आउने महिनाको निम्ति योजनाहरू बनाउँछन् र प्रार्थना र बाइबल अध्ययनमा समय बिताउँछन् ।

**१९.** कुनचाहिँ वाक्यले खूबीहरूका सम्बन्धमा मत्ती २५:१४-३० को शिक्षालाई सारांशित गर्छ ?

क. थोरै खूबीहरूभन्दा धेरै खूबीहरू पाउनु राम्रो हो, किनकि धेरै पाएकाहरूले ठूलो इनाम पाउँछन् ।

ख. एक व्यक्तिले आफ्ना कतिवटा खूबीहरूलाई लगानी गऱ्यो, त्यसको आधारमा उसले इनाम पाउँछ ।

ग. धेरै खूबी भएको व्यक्तिले थोरै खूबी भएकोलेभन्दा बढी परमेश्वरको निगाह पाउने सम्भावना छ ।

घ. एक व्यक्तिसँग थोरै वा धेरै जति खूबीहरू भए पनि उसले लगानी गर्नैपर्छ ।

**२०.** यदि तपाईं आफ्ना लुकेका खूबीहरूलाई पत्ता लगाउन चाहनुहुन्छ भने यी तीन कदमहरूलाई समाहित गर्ने योजनालाई तपाईंले पछ्याउनुपर्छः

क. प्रभुसँग माग्ने, नयाँ अवसरहरूको खोजीगर्ने, र नयाँ क्रियाकलापहरू गर्ने कोशिश गर्ने ।

ख. प्रभुसँग माग्ने, नयाँ अवसरहरूको खोजीगर्ने, र बाइबलको खोजीगर्ने ।

ग. अवसरहरूको खोजीगर्नु, गर्नुपर्ने कामको खोजीगर्नु, र केही नयाँ कुराहरूलाई कोशिश गर्नु ।

घ. अगुवाइका निम्ति प्रार्थना गर्नुहोस्, अवसरहरूको खोजी गर्नुहोस्, र पूरा गर्नुपर्ने आवश्यकताहरूलाई पूरा गर्नुहोस् ।

***एकाइ दुईको निम्तिका भागहरूको अन्त्य ।*** *तपाईंको उत्तरपृष्ठमा बाँकी रहेका निर्देशनहरूलाई पालन गर्नुहोस् र यसलाई तपाईंको क्षेत्रका* ***आई सी आई*** *वा ग्लोबल युनिभर्सिटी प्रशिक्षककहाँ वा कार्यालयमा पठाउनुहोस् र एकाइ तीनको आफ्नो अध्ययनलाई शुरू गर्नुहोस् ।*

## एकाइ तीनको निम्ति विद्यार्थी प्रतिवेदन

*एकाइ तीनको निम्ति सबै प्रश्नहरूका उत्तरलाई उत्तरपुस्तिकामा लेख्नुहोस् ।* **मागदर्शन** *पृष्ठमा उदाहरणहरूलाई हेर्नुहोस् जसले तपाईंलाई आफ्ना उत्तरहरू कसरी दिनुपर्ने हो सो देखाउँछन् ।*

### भाग १– ठीक-बेठीक प्रश्नहरू

*तलको बयान कित ठीक कि बेठीक छ । यदि बयान*

**ठीक** छ भने खाली ठाउँमा **क** लाई कालो बनाउनुहोस् ।

**बेठीक** छ भने **ख** लाई कालो बनाउनुहोस् ।

**१.** एकाइ तीनका सम्पूर्ण पाठहरूलाई मैले ध्यानपूर्वक पढेको छु ।

**२.** दशांशको सिद्धान्तलाई पहिलोपल्ट नयाँ करारमा प्रस्तुत गरिएको छ ।

**३.** आफूसँग थोरै हुने व्यक्तिहरू पनि लोभको पापको दोषी हुनसक्छन् ।

**४.** यदि एक व्यक्तिको आफ्नो खर्च उसको आम्दानीभन्दा बढी छ भने उसले आफ्नो दशांश घटाउनुपर्छ ।

**५.** खीष्टियान घरले कस्तो नमूना अपनाउनुपर्छ भन्ने सम्बन्धमा वास्तवमा बाइबलले कुनै पनि मार्गदर्शन दिएको छैन ।

**६.** घरको इमानदारिता यसका कारिन्दाको जिम्मेवारी हो ।

**७.** दशांश नदिने सदस्यहरू भएको मण्डलीले महान आज्ञा पूरा गर्नका लागि कठिनाइको अनुभूति गर्छ ।

**८.** कारिन्दा वा भण्डारेको रुपमा एक व्यक्तिको जिम्मेवारी उसको परिवार वा उसको मण्डलीमा अन्त्य हुन्छ ।

### भाग २– सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नहरू

*तलका प्रत्येक प्रश्नहरूको एउटै मात्र ठीक उत्तर हुन्छ । तपाईंले छान्नुभएको उत्तरको निम्ति तपाईंको उत्तरपुस्तिकामा उपलब्ध गराइएको खाली ठाउँलाई कालो बनाउनुहोस् ।*

**९.** बाइबलले बताउँछ कि कसको निम्ति यो गर्न असम्भव छ ?

क. धनी मानिस परमेश्वरको राज्यमा प्रवेश गर्न ।

ख. मानिसले परमेश्वर र धन दुवैको सेवा गर्न ।

ग. विश्वासीहरूले स्वर्गमा धन थुपार्न ।

घ. परमेश्वरलाई प्रसन्नपार्ने किसिमले मानिसहरूले रुपियाँ-पैसा प्रयोग गर्न ।

**१०.** सन्तुष्ट हुने एक ख्रीष्टियान कारिन्दाले उसका के कुराहरूका बीचको भिन्नता बताउन सिकेको हुन्छ ?

क. खूबीहरू र क्षमताहरू ।

ख. कर्तव्यहरू र जिम्मेवारीहरू ।

ग. भावनाहरू र अनुभूतिहरू ।

घ. आवश्यकताहरू र चाहनाहरू ।

**११.** ख्रीष्टियान कारिन्दाले दशांश दिनैपर्छ भनी तलको कुनचाहिँ बयानले सबैभन्दा महत्त्वपूर्ण कारण दिन्छ ?

क. परमेश्वर नै मानिसहरूका धनसम्पत्तिको साँचो मालिक हुनुहुन्छ ।

ख. दशांश दिनेहरूलाई परमेश्वरले आशिष्को प्रतिज्ञा गर्नुभएको छ ।

ग. दशांश दिँदा मानिस स्वार्थी हुनबाट जोगिन्छ ।

घ. बाइबलले दशांश दिने व्यक्तिहरूको उदाहरण दिएको छ ।

**१२.** एक परिवारलाई ख्रीष्टियान परिवार भन्न सकिन्छ जब

क. छोराछोरीहरूले आमाबाबुको आज्ञा पालन गर्छन् ।

ख. सबै सदस्यहरू बाइबल पढ्छन् र मण्डलीमा जान्छन् ।

ग. ख्रीष्ट मात्र सर्वोच्च अधिकार हुनुहुन्छ ।

घ. प्रत्येक व्यक्तिले अरुहरूको अधिकारको सम्मान गर्छ ।

**१३.** एक परिवारले उद्धार पाएपछि, सबै सदस्यहरूले निरन्तररूपमा परमेश्वरको सेवा गरिरहेका छन् भनी हेर्ने जिम्मेवारी कसको हो ?

क. तिनीहरूलाई प्रभुमा ल्याउने व्यक्ति ।

ख. आमाबाबुहरू ।

ग. पति ।

घ. तिनीहरू सहभागी हुने मण्डलीका पास्टर ।

**१४.** आमाबाबुहरूले घरमा र साथसाथै मण्डलीमा असल जीवन जिउनु अति महत्त्वपूर्ण छ किनकि

क. यदि तिनीहरूले असल जीवन जिएनन् भने तिनीहरूका छोराछोरीहरू अलमलमा पर्नेछन् ।

ख. प्रतीक्षा नगरिएको बेलामा नै पास्टरले तिनीहरूलाई भेटघाट गर्नसक्छन् ।

ग. धेरै मण्डलीहरू घरबाट नै शुरु भएका छन् ।

घ. घरहरू अतिथिसत्कारका स्थानहरू हुनुपर्छ ।

**१५.** मण्डलीका निम्ति क्रियाकलापहरूका योजना बनाउँदा तल दिइएकामध्ये कुनचाहिँ दोस्रो कदम हुनसक्छ ?

क. सबै अगुवाहरूसँग सभा गर्नु ।

ख. मण्डलीका क्रियाकलापहरूलाई वर्गीकरण गर्नु ।

ग. वार्षिक लक्ष्यहरू निर्धारण गर्नु ।

घ. लक्ष्यहरूलाई कसरी पूरा गरिनुपर्छ भनी निर्णय गर्नु ।

**१६.** तलका बाइबल पदहरूलाई पढ्नुहोस् । पास्टरहरूले पनि परमेश्वरको कामलाई सहयोग गर्नुपर्छ कि भनी यदि कसैले तपाईंलाई प्रश्न सोध्यो भने, कुनचाहिँले स्पष्ट उत्तर दिन्छ ?

क. लेवी २७:३०

ख. गन्ती १८:२५-२९

ग. एज्रा २:६८-६९

घ. हित्तोपदेश ३:९-१०

**१७.** मण्डलीको अर्थ संकलनमा सबैभन्दा उत्तम तरिका यसलाई गन्ने र विवरण राख्ने काम कसले गर्नुपर्छ ?

क. आधिकारिक अगुवा

ख. कोषाध्यक्ष

ग. पास्टर

घ. कमसेकम दुइजना व्यक्तिहरूले

**१८.** मानिलिऔँ तपाईंसँग सेप्टेम्बर महिनाको निम्ति खाता तयार छ। दाँयाहातपट्टिको खर्च र मौज्दात रु. ८८८५ छ। तलको कुनचाहिँ पनि ८८८५ हुनुपर्छ ?

क. अक्टोबरबाटको मौज्जात र सेप्टेम्बरको निम्ति खर्चको विवरण।

ख. सेप्टेम्बरको मासिक रसिद र अगस्टको मौज्दात।

ग. अगस्टको रसिद र सेप्टेम्बरको खर्च विवरण।

घ. अगस्टको खर्च विवरण र सेप्टेम्बरको मौज्दात।

**१९.** मण्डलीले यसका स्रोतलाई प्रयोग गर्नका लागि योजना बनाउनका लागि सहयोग पुऱ्याउने सबैभन्दा उपयोगी साधन वा औजार कुन हो ?

क. हिसाब खाता

ख. दशांश खाता

ग. लेखत

घ. बजेट

**२०.** तल उल्लिखित बाइबल पदहरूलाई पढ्नुहोस्। सरकारी अधिकारीहरूप्रति भएको एक विश्वासीको प्रवृत्तिलाई कुनचाहिँले सबैभन्दा राम्रोसँग वर्णन गर्छ ?

क. मत्ती ५:१४

ख. मर्कूस १२:३०-३१

ग. रोमी १३:१-६

घ. रोमी १६:२३

***एकाइ तीनको निम्तिका मागहरूको अन्त्य।*** *तपाईंको उत्तरपृष्ठमा बाँकी रहेका निर्देशनहरूलाई पालन गर्नुहोस्। यसलाई तपाईंको क्षेत्रका* ***आई सी आई*** *वा ग्लोबल युनिभर्सिटी प्रशिक्षककहाँ वा कार्यालयमा पठाउनुहोस्। अब तपाईंले यस पाठ्यपुस्तकको अध्ययनलाई सिध्याउनुभएको छ। तपाईंको अध्ययनको निम्ति अर्को पाठ्यपुस्तकलाई सिफारिस गर्न तपाईंका ग्लोबल युनिभर्सिटी प्रशिक्षकलाई अनुरोध गर्नुहोस्।*